# एभरेष्ट कलर लि.

## विषेश साधारणसभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०१/२०)**

यस एभरेष्ट कलर लि.को मितिः २०८२/०१/१७ गते बसेको संचालक समितिको निर्णय अनुसार बिशेष साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, स्थान र समय :**

**मितिः २०८२/०२/०७ गते वुधबार, समयः विहान १०:०० बजे**

**स्थानः कम्पनीको रजिष्टर्ड कार्यालय, मध्यपुर ठिमी-३, भक्तपुरं**

**छलफलको विषय सूचि (एजेण्डा):**

**(क) साधारण प्रस्तावहरु**

१.कम्पनीको कम्पनी रजिष्ट्रारको कार्यालयबाट निर्देशन प्राप्त भए बमोजिम एक जना स्वतन्त्र संचालक नियुक्त गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरुः**

**१. कम्पनीको जारी पूँजी बृद्धि गर्ने ।**

**२. पूँजी बृद्धि भए अनुसार कम्पनीको प्रबन्धपत्रमा निम्न अनुसार संसोधन गर्ने ।**

**दफा ६:**

(क) कम्पनीको अधिकृत पूँजी रु.३०,००,००,००० (तीस करोड) रहेको छ । सो पूँजीलाई रु. १००। का दरले ३०,००,००० (तिस लाख) थान साधारण सेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीको तत्काल जारी पूँजी रु. ३०,००,००,०००/(तीस करोड) हुनेछ । सो पूँजीलाई रु. १००। का दरले ३०,००,०००। (तीस लाख) थान साधारण सेयरमा विभाजन गरिएको छ ।

(घ) संस्थापक सेयरधनीहरु लाई समुह (क) मा बर्गिकरण गरिएको छ र यो समुहको सेयर स्वामित्व ७३.६७ प्रतिशत हुनेछ ।

(ङ) सर्बसाधारणमा विक्री गरिने सेयर खरिद गर्ने सेयरधनीहरुलाई समुह (ख) मा बर्गिकरण गरिएको छ र यो समुहको सेयर स्वामित्व २६.३३ प्रतिशत हुनेछ ।

**३. पूँजी बृद्धि भएअनुसार नियमावलीमा निम्न अनुसार संसोधन गर्ने ।**

नियम ५: यस कम्पनीको सेयरको अंकित मूल्य १०० रुपैयाँ हुनेछ ।

नियम २७ (२): यस कम्पनीमा एक जना महिला सहित ७ (सात) जनाको संचालक समिति हुनेछ । जसको गठन विधि निम्नानुसार हुनेछ ।

(क) संस्थापक समुहबाट ४ जना

(ख) सर्बसाधारण समुहबाट २ जना

(ग) स्वतन्त्र/व्यवसायिक संचालक १ जना

४. संसोधित प्रबन्धपत्र दफा ६(ङ) बमोजिम सर्वसाधारणको लागि छुट्याइएको प्राथमिक शेयर निस्कासन (आईपीओ) जारी गर्ने र कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संसोधनमा संबन्धित नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

५. विविध

विशेष साधारणसभा सम्बन्धि थप जानकारीका लागि कम्पनीको वेवसाइट www.everestcolour.com मा हेर्नु हुन अनुरोध छ ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

everestcolour.com

# विशेष साधारण सभा सम्बन्धी थप जानकारी

१) विशेष साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरू ले सभा हलमा प्रवेशको लागि सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको कागजात, प्रकाशित प्रवेशपत्र अथवा आफ्नो कुनै आधिकारिक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

२) विशेष साधारण सभामा सहभागी हुनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन **मिति २०८२।०२।०२ गते अपरान्ह ४:०० बजेभित्र** कम्पनीको रजिष्टर्ड कार्यालय मध्यपुर ठिमी-३, भक्तपुरमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु आवश्यक छ ।

३) कम्पनीको शेयर दाखिल खारेजको काम **मिति २०८२।०१।२४ गते (एक दिन)** बन्द रहनेछ ।

४) विशेष साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान ८:०० बजेदेखि खुल्ला रहनेछ ।

५) कुनै एक शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाएकोमा जसको नियुक्ति सबैभन्दा अघिल्लो मितिमा कम्पनीमा प्राप्त हुन्छ, निजलाई मात्र प्रतिनिधिको हैसियतले सभामा भाग लिने अधिकार हुनेछ ।

६) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि शेयरधनीहरूले प्रतिनिधि फेरबदल गर्न चाहेमा **मिति २०८२।०२।०५गते अपरान्ह २:००बजे भित्र** सोको सूचना कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

७) नावालक शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

८) संयुक्त रूपमा शेयरधनी कायम गरिएको अवस्थामा कम्पनीको शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मत प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ ।

९) साधारणसभा सम्बन्धी थप जानकारीका लागि कम्पनीको प्रधान कार्यालय, मध्यपुर ठिमी-३, भक्तपुरमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**पुनश्चः कम्पनीबाट विशेष साधारण सभामा छलफल हुने विषयहरू सहितको सूचना शेयरधनी महानुभावहरूको ठेगानामा पठाईनेछ । कुनै शेयरधनी महानुभावले उक्त सूचना प्राप्त गर्न असमर्थ भएमा यसै सूचनालाई आधार मानी विशेष साधारण सभाको बैठकमा उपस्थित हुन अनुरोध गरिन्छ ।**

everestcolour.com